# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ] काठमाडौं, साउन ११ गते २०३५ साल [ अतिरिक्ताङ्क २६


श्री ५ को सरकार

**वन मन्त्रालयको**

## सूचना

वन पैदावार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३५

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "वन पैदावार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधन : वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :–

"२. परिभाषा : यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वन पैदावार विकास परियोजना र सागरनाथ वन विकास परियोजना सम्झनुपर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल आदेशको दफा ४ मा संशोधन : मूल आदेशको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :–

"४. समितिको काम, कर्तव्य र अधिकार : परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ :–

(१) वन पैदावार विकास परियोजनाको सम्बन्धमा :–

(क) परियोजनाको कार्यान्वयन र सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने र परियोजनाको कार्यान्वयनमा रेखदेख पुऱ्याउने,

(ख) काठहरूको सिजनिङ्ग तथा प्रिजर्भेशन गर्ने र ब्रिकेट बनाउने ।

(ग) काठ दाउरा लगायत अन्य वन पैदावारको डिपो खडा गरी बिक्री-वितरण गर्ने,

(घ) वन पैदावारमा आधारित उद्योगहरूलाई वन पैदावार उपलब्ध गराई विस्तार गराउने,

(ङ) विभिन्न जातका काठहरूको उपयोग गरी काष्ठ उद्योगहरू स्थापना गर्ने संभाव्यता अध्ययन गर्ने,

(च) काठ दाउराको वर्तमान तथा दीर्घकालीन माग आपूर्ति सम्बन्धमा अनुसन्धान गर्ने,

(छ) प्रत्येक आर्थिक वर्षको कार्यक्रम र त्रैमासिक प्रगति वन मन्त्रालयमा पेश गर्ने,

(ज) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारको नियुक्ति गर्ने,

(झ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने।

(२) सागरनाथ वन विकास परियोजनाको सम्बन्धमा :–

(क) सागरनाथ वन क्षेत्रको एघारहजार हेक्टर जंगलमा दश वर्षमा सर्पट कटान गरी वृक्षारोपण गर्ने,

(ख) वृक्षारोपणको लागि नर्सरी स्थापना गर्ने,

(ग) वृक्षारोपण गरी हेरचाह र संरक्षण गर्ने,

(घ) परियोजना अवधिमा एकसय हेक्टरमा अगुवा टंगिया कार्यक्रम शुरू गर्ने,

(आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वन पथ तथा अग्नि रेखा बनाई आगोबाट वन संरक्षण गर्ने कामहरू गर्ने,

(च) कटान भएका रूखबाट गोलिया, काठ, दाउरा, कटान, चिरान, फडान गरी बिक्री-वितरण गर्ने,

(छ) स:मिलको स्थापना गर्ने,

(ज) काठको सिजनिङ्ग, ग्रेडिङ र प्रेसर इम्प्रेग्नेशन समेत गरी वन पैदावारको गुण, उपयोगिता वृध्दि गर्न सबै काम गर्ने,

(झ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।"

४. मूल आदेशको दफा ५ मा संशोधन : मूल आदेशको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :–

"५. उप-समितिको गठन : (१) समितिले वन पैदावार विकास परियोजना संचालन गर्ने प्रत्येक वन डिभिजनमा एक उप-समिति गठन गर्नेछ र सो उप-समितिमा देहायबमोजिमका सदस्यहरू रहने छन् :–

| | |
|---|---|
| (क) सम्बन्धित कन्जरभेटर– | अध्यक्ष |
| (ख) जिल्ला पञ्चायतको प्रतिनिधि– | सदस्य |
| (ग) जिल्ला कार्यालयको प्रतिनिधि– | सदस्य |
| (घ) श्री ५ को सरकारले मनोनीत गरेको एकजना– | सदस्य |
| (ङ) सम्बन्धित वन डिभिजनका डी.एफ.ओ.– | सदस्य-सचिव |

तर कुनै वन डिभिजनमा दुई वा दुईभन्दा बढी जिल्लाहरू परेमा त्यस्तो जिल्लाको वर्णानुक्रमानुसार आलोपालो हुने गरी जिल्ला कार्यालय र जिल्ला पञ्चायतका प्रतिनिधिहरू एक एक वर्षको अवधिको लागि उप-समितिको सदस्यहरू रहनेछन् ।

(२) समितिले सागरनाथ वन विकास परियोजनाको कार्य सञ्चालन गर्न सागरनाथ वन क्षेत्रको लागि एक छुट्टै उप-समिति गठन गर्नेछ । सो उप-समितिमा रहने सदस्यहरू र निजहरूको पदावधि समितिले तोकेबमोजिम हुनेछ।

(३) उप-दफा (२) बमोजिमको उप-समितिले सागरनाथ वन क्षेत्रभित्रको वन पैदावार विकास परियोजनाको काम समेत गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उप-दफा (१) पछि देहायको उप-दफा (१क) थपिएको छ :–

"(१क) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सागरनाथ वन विकास उप-समितिको छुट्टै खाता हुनेछ र सो परियोजनाको आम्दानी सोही खातामा जम्मा गरिनेछ र परियोजनाको खर्च सोही खाताबाट व्यहोरिनेछ ।"

६. मूल आदेशको दफा ७ मा संशोधनः– मूल आदेशको दफा ७ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ :–

"(२) समितिको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट वर्षको एक पटक हुनेछ ।"

७. मूल आदेशको दफा ८ मा संशोधनः मूल आदेशको दफा ८ मा रहेको "सदस्य-सचिव" भन्ने शब्दपछि "वा उप-समिति" भन्ने शब्दहरू थपिएका छन् ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

३८५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार